श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४५ सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "शिक्षा (चौथो संशोधन) ऐन, २०४५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षा ऐन, २०२८ को दफा २ मा संशोधनः शिक्षा ऐन, २०२८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ ।"

४६८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ग) झिकिएको छ।

(३) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा छदेखि कक्षा दशसम्म दिइने शिक्षा सम्झनुपर्छ।"

(४) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः–

"(घ१) "विशेष शिक्षा" भन्नाले अन्धा, बहिरा, लाटा वा अपाङ्ग वा सुस्त मनस्थिति भएका बालक बालिकालाई दिइने शिक्षा सम्झनुपर्छ।"

(५) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः–

"(ङ) "विद्यालय" भन्नाले खण्ड (क) बमोजिमको विद्यालय र खण्ड (ख), (घ) र (घ१) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ।"

(६) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः–

"(छ१) "प्राथमिक शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले प्राथमिक शिक्षाको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ।"

३. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः–

"५. परीक्षाको परिचालन र नियन्त्रणः प्राथमिक शिक्षा उत्तीर्ण परीक्षा र माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिङ्ग सर्टिफिकेट एक्जामिनेशन) को परिचालन र नियन्त्रण तोकिएबमोजिम हुनेछ।"

४. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को खण्ड (ख) झिकिएको छ।

५. मूल ऐनको दफा ९ मा संशोधनः मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः–

"९. क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालयः (१) श्री ५ को सरकारले प्रत्येक विकास क्षेत्रमा क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालय स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कार्यालयको प्रमुखको रूपमा क्षेत्रीय शिक्षा निरीक्षक रहनेछ।

(३) क्षेत्रीय शिक्षा निरीक्षकको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।"

६. मूल ऐनको दफा १० मा संशोधनः मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छः–



४६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१०. जिल्ला शिक्षा निरीक्षकको कार्यालय: (१) श्री ५ को सरकारले प्रत्येक जिल्लामा एक जिल्ला शिक्षा निरीक्षकको कार्यालय स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कार्यालयको प्रमुखको रूपमा जिल्ला शिक्षा निरीक्षक रहनेछ।

(३) जिल्ला शिक्षा निरीक्षकको काम, कर्तव्य र अधिकार तोकिए-बमोजिम हुनेछ।"

७. मूल ऐनमा दफा ११ख. थप: मूल ऐनको दफा ११क. पछि देहायको दफा ११ख. थपिएको छ:–

"११ख. शिक्षक छनौट समिति: (१) प्रत्येक जिल्लामा एक शिक्षक छनौट समिति रहनेछ।

(२) शिक्षक छनौट समितिमा तोकिएबमोजिमका अध्यक्ष तथा सदस्यहरू रहनेछन्।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।"

८. मूल ऐनको दफा १२क. मा संशोधन: मूल ऐनको दफा १२क. को सट्टा देहायको दफा १२क. राखिएको छ:–

"१२क. विद्यालय सञ्चालक समिति विघटन गर्न सकिने: (१) कुनै विद्यालयको विद्यालय सञ्चालक समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा पूर्वप्राथमिक विद्यालय र प्राथमिक शिक्षा दिइने विद्यालयको विद्यालय सञ्चालक समितिलाई जिल्ला शिक्षा निरीक्षकले र प्राथमिक शिक्षा तथा माध्यमिक शिक्षा दुवै दिइने वा माध्यमिक शिक्षामात्र दिइने विद्यालयको विद्यालय सञ्चालक समितिलाई क्षेत्रीय शिक्षा निरीक्षकले विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय सञ्चालक समिति विघटन भएपछि अर्को विद्यालय सञ्चालक समिति गठन नभएसम्म विद्यालय सञ्चालक समितिको काम गर्न पूर्वप्राथमिक विद्यालय र प्राथमिक शिक्षा दिइने विद्यालयको विद्यालय सञ्चालक समितिको सम्बन्धमा जिल्ला शिक्षा निरीक्षकले र प्राथमिक शिक्षा तथा माध्यमिक शिक्षा दुवै दिइने वा माध्यमिक शिक्षामात्र दिइने विद्यालयको विद्यालय सञ्चालक समिति-को सम्बन्धमा क्षेत्रीय शिक्षा निरीक्षकले एक अस्थायी विद्यालय सञ्चालक समिति गठन गर्न सक्नेछ।"

४६०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ को,–

(१) उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः–

"(क१) जिल्ला पञ्चायतबाट प्राप्त अनुदान,"

(२) उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

१०. मूल ऐनको दफा १३क. मा संशोधनः मूल ऐनको दफा १३क. को उपदफा (१) को खण्ड (क) पछि देहायका खण्ड (क१) र (क२) थपिएका छन् :–

"(क१) जिल्ला शिक्षा कोषबाट प्राप्त अनुदान,

(क२) गाउँ पञ्चायत वा नगर पञ्चायतबाट प्राप्त अनुदान,"

११. मूल ऐनको दफा १४ मा संशोधनः मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छः–

"१४. श्री ५ को सरकारले निर्देशन दिन सक्नेः (१) श्री ५ को सरकारले आवश्यकता अनुसार जिल्ला शिक्षा समिति, शिक्षक छनौट समिति र विद्यालय सञ्चालक समितिलाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु प्रत्येक जिल्ला शिक्षा समिति, शिक्षक छनौट समिति र विद्यालय सञ्चालक समितिको कर्तव्य हुनेछ।"

१२. मूल ऐनको दफा १९ मा संशोधनः मूल ऐनको दफा १९ को उपदफा (२) को खण्ड (ख), (ग), (च), (ठ), (ढ), (द), (ध) र (न) को सट्टा देहायका खण्ड (ख), (ग), (च), (ठ), (ढ), (द), (ध) र (न) राखिएका छन् :–

"(ख) विद्यार्थीलाई लाग्ने शुल्क र सो असूल गर्ने तरीका,

(ग) विद्यालयलाई दिइने अनुदान,

(च) विद्यालयका शिक्षक तथा कर्मचारीको शपथ ग्रहणसम्बन्धी,

(ठ) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री,

(ढ) विद्यालयको पुस्तकालय र वाचनालय,

(द) विद्यालयका शिक्षकहरूको सेवा शर्तसम्बन्धी,

(ध) विद्यालयका शिक्षकहरूको अध्यापन अधिकारपत्र, परिचयपत्र र चिह्न,

(न) विशेष शिक्षा,"

लालमोहर सदर मितिः– २०४५।७।१०।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

8609



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।